# देउमाई नगर कार्यापालिकाको विनियोजन ऐन

देउमाई नगरपालिकाको आर्थिक बर्ष २०७५-२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

कार्यापालिकाबाट स्वीकृत मितिः २०७५-३-१०

सभाबाट अनुमोदित मितिः- २०७५-३-११

प्रस्तावनाः देउमाई नगरपालिकाको आर्थिक बर्ष २०७५-०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम देउमाई नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " देउमाई नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखा, विषयगत कार्यालयले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५४१७७५०००।०० (अक्षेरुपी चौवन्न करोड सत्र लाख पचहत्त हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त देउमाई नगरपालिको नगर कार्यपालिका, वडा समिति , विषयगत शाखा र विषयगत कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

देउमाई नगरपालिका इलाम २०७३

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

<u>नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम</u>

**देउमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

आ.व. २०७५-०७६ को आय र व्ययको सारंस

| आय शिर्षक | आय रु | व्यय शिर्षक | व्यय रु |
|---|---|---|---|
| **गत मौजाद** | ६८४०००००।०० | पुजिगत खर्च (शशर्त अनूदान) | १९३७०००००।०० |
| नगद मौजाद | ०।०० | संघिय सरकार | १८८७०००००।०० |
| बैंक मौजाद | ६८४०००००।०० | प्रदेश सरकार | ५००००००।०० |
| cfGtl/s cfo | २७९०००००।०० | **प्रसासनिक खर्च** | ६९००००००।०० |
| आन्तरिक स्रोत | २२९०००००।०० | नगरपालिका | ६०००००००।०० |
| जिसस बाट मौजाद तथा करको बाडफाड | ५००००००।०० | वडा | ९००००००।०० |
| लागत सहभागिता | ०।०० | **समपुरक कोष** | १००००००००।०० |
| **संघिय सरकारबाट प्राप्त अनुदान** | ४२९६९१०००।०० | **आयोजना व्यवस्थापन खर्च** | ८७१७२५०।०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७५०९१०००।०० | **वडागत निशर्त पुजिगत** | ४५००००००।०० |
| समानिकरण अनुदान | १०८४०००००।०० | **विषयगत कार्यालय निशर्त पुजिगत** | ३३००००००।०० |
| शसर्त अनुदान | १८८७०००००।०० | शिक्षा | १००००००००।०० |
| अन्य अनुदान | ५७५०००००।०० | स्वास्थ्य | ८००००००।०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | १५७८४०००।०० | कृषि | १५००००००।०० |
| रजिस्ट्रेसन तथा सवारि सुल्क | ७२४६०००।०० | **नगरपालिका निशर्त पुजिगत** | १२४८०००००।०० |
| समानिकरण अनुदान | ३५३८०००।०० | आर्थिक विकास | १५००००००।०० |
| शसर्त अनुदान | ५००००००।०० | सामाजिक विकास | १५१०००००।०० |
| | | पुर्वाधार विकास | ७६००००००।०० |
| | | वातावरण तथा विपत व्यवस्थापन | १८७०००००।०० |
| | | **अन्य अनुदान** | ५७५५७७५०।०० |
| | | सामाजिक सुरक्षा | ५००००००००।०० |
| | | LGCDP लगायत अन्य | ७५५७७५०।०० |
| **जम्मा** | ५४१७७५०००।०० | **जम्मा** | ५४१७७५०००।०० |